# व्यास नगरपालिका
# बारुणयन्त्र संचालन तथा व्यवस्थापन

# निर्देशिका
## २०७१

व्यास नगरपालिकन कार्यालय
दमौली, तनहूँ
फोन नं: ०६५-५६०२३३

# व्यास नगरपालिका
# बारुणयन्त्र संचालन तथा व्यवस्थापन निर्देशिका,२०७१

**पृष्ठभूमि :**

यस नगरपालिकामा आगलागी नियन्त्रणको लागि आवश्यक यन्त्र, उपकरणको व्यवस्था गरी नगर तथा ग्रामीण क्षेत्रमा समेत सेवा प्रदान गर्नुपर्ने अवस्थामा नगरपालिकामा रहेका बारुणयन्त्र तथा आवश्यक उपकरण र सोको लागि लाग्ने जनशक्तिको व्यवस्थापनमा गाउँ बिकास समिति, जिल्ला विकास समिति र निजी क्षेत्र तथा नागरिक समाज समेतको सहभागिता सुनिश्चित गरी नगरपालिकाहरुमा बारुणयन्त्र संचालन तथा व्यवस्थापन निर्देशिकाको आधारमा बारुणयन्त्र संचालन र व्यवस्थापनको लागि स्थानीय समन्वय समिति गठन गरी बारुणयन्त्र संचालनको व्यवस्था भरपर्दो र विश्वसनीय बनाउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ञ)बमोजिम व्यास नगरपालिकाले अनिवार्य रुपमा सम्पादन गर्नुपर्ने जिम्मेवारीलाई प्रभावकारी तुल्याउन बारुणयन्त्र संचालन तथा व्यवस्थापन निर्देशिका ,२०७१ तर्जुमा गरी लागू गरिएको छ। यस निर्देशीका नगरपरिषद समक्ष पेश गरि लागु गरिनेछ।

**१,संक्षिप्त नाम र प्रारम्भ :**

(१)यस निर्देशिकाको नाम " व्यास नगरपालिका बारुणयन्ण संचालन तथा व्यवस्थापन निर्देशिका ,२०७१ " रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२,परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन,२०५५ लाई सम्झनु पर्छ।

ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली,२०५६ लाई सम्झनु पर्छ।

ग) "नगरपालिका" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित व्यास नगरपालिकलाई सम्झनु पर्छ

घ) "बारुण यन्त्र" भन्नाले आगलागी नियन्त्रणको लागी प्रयोगमा ल्याइने मेशिनरी उपकरणलाई सम्झनु पर्छ।

ङ) "स्थानीय समन्वय समिति" भन्नाले व्यास नगरपालिका स्तरमा बारुणयन्त्र संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागी गठित समन्वय समिति सम्झनु पर्छ।

च) "अनुदान" भन्नाले नेपाल सरकारबाट नगरपालिकालाई उपलव्ध हुने नि:शर्त तथा सशर्त अनुदानको रकम समेत सम्झनु पर्छ।

छ) "गैर सरकारी संस्था" भन्नाले स्थानीय तहको समग्र विकासमा ठोस योगदान पुर्याउन निश्चित लक्ष्य र उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भई स्थानीय निकायहरुसँग समन्वय राखी कार्य गरीरहेका नाफारहित संघ/संस्थाहरु सम्झनु पर्छ।

ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्छ।

**३, निर्देशिकाको उद्देश्य : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

क) बारुणयन्त्र संचालनको जिम्मेवारी विश्वसनीय र भरपर्दो रुपमा निर्वाह गर्ने,

व्यास नगरपालिका कार्यालय
दमौली, तनहुँ
२०४९

हुमनाथ शर्मा ढकाल
प्रमुख एवं कार्यकारी अधिकृत

ख) आगलागी नियन्त्रणको लागि सम्बन्धित तथा छिमेकी नगरपालिका र गाउँ विकास समिति क्षेत्रमा बारुणयन्त्र उपलब्ध गराउने ।
ग) बारुणयन्त्र संचालनको लागी दुई वा दुई भन्दा बढी नगरपालिका तथा गाउँ विकास समिति र सम्बन्धित सबैको सहयोग, सहकार्य तथा लगानी (श्रोत तथा खर्च व्यवस्थापन) सहज तुल्याउने ।
घ) साधन स्रोत सम्पन्न नगरपालिकाबाट सिमित साधन स्रोत भएका नगरपालिकाहरुमा बारुणयन्त्र संचालनमा सहयोग जुटाउने ।
ङ) बारुणयन्त्र संचालनको लागी स्रोत व्यवस्था, नियमित मर्मत संभार र सेवा प्रवाह प्रभावकारी बनाउने ।
च) बारुणयन्त्र संचालन तथा व्यवस्थापनमा निजी क्षेत्र तथा समुदायको सहभागिता अभिबृद्धि गर्ने ।

**४. कार्यक्षेत्र :**
नगरपालिकाको अगुवाइमा स्थानीय निकायबाट बारुणयन्त्रको व्यवस्थापन, संचालन, मर्मत संभार तथा आवश्यक परेको बखतमा आगलागी नियन्त्रण गर्ने कार्य सम्म मात्र यस निर्देशिकाको कार्यक्षेत्र हुनेछ ।

**५. बारुणयन्त्र सेवा संचालन तथा व्यवस्थापन :**
१) नगरपालिकावाट बारुणयन्त्र सेवा संचालन तथा व्यवस्थापन गरिनेछ । त्यस्तो सेवा देहायमा लेखिए बमोजिम संचालन तथा व्यवस्थापन गरिनेछ ।
क) मन्त्रालयबाट उपलब्ध बारुणयन्त्र संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।
ख) नगरपालिकाको बार्षिक कार्यकमभित्र समावेश गरी बारुणयन्त्र खरिद तथा संचालनको व्यवस्था मिलाउनुपर्नेछ, ।
ग) छिमेकी मित्र राष्ट्र एवं अन्य देश तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट थप सहायता स्वरुप उपलब्ध हने बारुणयन्त्र स्थानीय विकास मन्त्रालयको सहमतिमा प्राप्त गरी संचालनको व्यवस्था गर्नु पर्नेछ ।
घ) नेपाल सरकार स्थानीय विकास मन्त्रालयमा रहेको जगेडा कोष कार्यक्रम मार्फत स्थानीय लागत सहभागिताबाट खरिद गरिएको बारुणयन्त्र सञ्चालनको व्यवस्था गर्नु पर्नेछ ।
२) आगलागी नियन्त्रणको लागी बारुणयन्त्रको व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन स्थानीय स्तरमा देहाय बमोजिमको बारुणयन्त्र सेवा संचालन तथा व्यवस्थापन समन्वय समिति गठन गरीनेछ ।

| | |
|---|---|
| क) नगरपालिका प्रमुख एव कार्यकारी अधिकृत - | संयोजक |
| ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - | सदस्य |
| ग) जिल्ला विकास समितिको कार्यालयका अधिकृत प्रतिनिधि - | सदस्य |
| घ) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - | सदस्य |
| ङ) जिल्लास्थित सशस्त्र प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - | सदस्य |
| च) जिल्ला भित्रका अन्य नगरपालिका प्रमुख वा निजले तोकेको प्रतिनिधि - | सदस्य |
| छ) जिल्ला भित्रका बारुणयन्त्र संचालन गर्न सकिने गाउँविकास समिति मध्येवाट १ जना - सदस्य | |
| ज) जिल्ला उद्योग बाणिज्य संघका अध्यक्ष - | सदस्य |
| झ) उधोग बाणिज्य संघ दमौली बजार ईकाई सभापति- | सदस्य |
| ञ) नेपाल रेडकस सोसाइटी जिल्ला शाखाको सभापति - | सदस्य |
| ञ) गैसस महासंघको जिल्ला अध्यक्ष - | सदस्य |
| ट) नेपाल पत्रकार महासंघको जिल्ला सभापति - | सदस्य |
| ठ) नेपाली सेनाको अधिकृत प्रतिनिधि - | सदस्य |
| ड) टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष- | सदस्य |
| ढ) गै.स.स. समन्वय समिति प्रतिनिधि - | सदस्य |
| ण) भू.पु. सैनीक कल्वका प्रतिनिधि - | सदस्य |
| त ) नगरपालिकाका योजना शाखाका ईन्जिनियर - | सदस्य सचिव |

व्यास नगरपालिका कार्यालय
दमौली, तनहुँ
२०४९

हुमनाथ शर्मा ढकाल
प्रमुख एवं कार्यकारी अधिकृत

(२) क. उपदफ ३ बमोजिमको सेवा प्रवाह भएको कुरा सुनिश्चित गर्न र आगलागी नियन्त्रणको लागी आवश्यक निर्देशन एवं सहजीकरण सम्बन्धी कार्य गर्न देहाय बमोजिमका एक निर्देशक समिति गठन गरिनेछ ।

स्थानीय विकास अधिकारी - संयोजक
कार्यकारी अधिकृत - सदस्य
सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य
जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य
नगरपालिकाको ईन्जिनियर - सदस्य सचिव

३) समितिको बैठक बर्षमा कम्तिमा ३ पटक बस्ने छ । समितिले बैठकमा आवश्यक ठानेका अन्य प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

४) नगरपालिकाले बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि स्थानीय समन्वय समितिको समन्वय र परामर्शमा बार्षिक बजेट तथा कार्यक्रम बनाउनुपर्नेछ ।

५) नेपाल सरकार संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयले वारुणयन्त्रको संचालनलाई प्रभावकारी वनाउन आवश्यक एवं उपयुक्त देखेमा नेपाल प्रहरी, सशस्त्र पहरी वा अन्य सरकारी निकाय वा संघ संस्थासंग समझदारी (MoU) गरी नगरपालिकाहरुलाइ सो बमोजिम गर्न निर्देशन दिन सक्नेछ ।

६) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले आवश्यक निर्देशन दिन सक्नेछन् । समितिले त्यस्तो निर्देशन पालना गर्नुपर्नेछ ।

**६ स्थानीय समन्वय समितिको काम, कर्तव्य र अधिकार: बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने शिलशिलामा स्थानीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) वारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि वार्षीक वजेट तथा कार्यक्रम बनाउन नगरपालिकालाई सहयोग गर्ने,

ख) बारुणयन्त्र सञ्चालनको लागि सम्बन्धित तथा नगरपालिका, गाउँ विकास समिति र जिल्ला तथा बजार ईकाई उद्योग वाणिज्य संघसंग समन्वय गरी श्रोत व्यस्थापन गर्ने,

ग) बारुणयन्त्रको प्रयोग र परिचालनलाई प्रभावकारी बनाउन समय समयमा पूर्व प्राविधिक परीक्षण गराउने,

घ) बारुणयन्त्रको प्रयोग आगलागी नियन्त्रण कार्यको लागि मात्र गर्ने,

ङ) बारुण यन्त्र सञ्चालनको लागि सुरक्षाको आवश्यकता महशुस भएमा सुरक्षा निकायसंग समन्वय गर्ने,

च) स्थानीय आवश्यकता र औचित्यको आधारमा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि सेवा शुल्क निर्धारण गर्ने,

छ) नगरपालिकाबाट बारुणयन्त्र उपलब्ध गराउँदा पुऱ्याउनु पर्ने कार्यविधि निर्धारण गर्ने,

ज) बारुणयन्त्र मर्मतसंभार, उपयोग र व्यवस्थापन सम्बन्धमा ५(२) क अनुसारको निर्देशक समितिको समेत राय लिई आवश्यकता अनुसार उपयुक्त निर्णय लिने ।

**६.क निर्देशक समितिको काम, कर्तव्य र अधिकार:**

क) निर्देशक समितिले निर्णय गरी बारुणयन्त्र नगरपालिका, प्रहरी युनिट र जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्रको पायक पर्ने स्थानमा राखी सम्बन्धित नगरपालिकाले पुर्वाधार निर्माण र संचालन गर्ने गरी व्यवस्थापन गर्न सक्नेछ ।

ख) प्रहरी युनिटमा राखी बारुणयन्त्र संचालन गर्दा नगरपालिकाबाट खटिने कर्मचारी र प्रहरी कर्मचारी बीचको सम्बन्ध सुमधुर बनाउन समितिले आचारसंहिता बनाई लागू गर्नुपर्नेछ ।

ग) बारुणयन्त्र मर्मतसंभार, उपयोग र व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार स्थानिय समन्वय समितिलाई सुझाव दिने ।

घ) व्यास नगरपालिकामा बारुणयन्त्र संचालन गर्नका लागि देहाएका कर्मचारीहरुको व्यवस्थापन गरिनेछ ।

व्यास नगरपालिका कार्यालय दमौली, तनहुँ २०४९

हुमनाथ शर्मा ढकाल
प्रमुख एवं कार्यकारी अधिकृत

घ१. बारुणयन्त्र चालक - १ जना
घ२. बारुणयन्त्र सहायक - १ जना
घ३. फायरम्यान नगरप्रहरी समेत - ४ जना

७. सरोकारवाला निकायको भूमिका: बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने शिलशिलामा सरोकारवाला निकायहरुको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुने छ ।

क) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि जिल्ला विकास समितिले नियमित आर्थिक योगदान, आवश्यकता अनुसार गाउँ विकास समिति सहयोग गरिदिनु पर्नेछ ।

ख) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्नको लागि जिल्ला प्रशासन कार्यालयबाट नगरपालिकाको माग बमोजिम आवश्यक सुरक्षा र समन्वयको प्रवन्ध मिलाउनु पर्नेछ ।

ग) स्थानीय समन्वय समितिको परामर्शमा तयार भएको वार्षिक कार्यक्रम बमोजिम गाउँ विकास समितिबाट आर्थिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

घ) स्थानीय समन्वय समितिको शिफारिश बमोजिम उद्योग वाणिज्य संघबाट आर्थिक श्रोत जुटाउने तथा निजीक्षेत्र एवं नागरिक समाजको सहयोगको प्रवन्ध मिलाउनु पर्ने छ ।

**८, कोष व्यवस्थापन :**

१) नगरपालिकाको प्रकोप व्यवस्थापन विशेष कोष अर्न्तगत बारुणयन्त्र संचालन तथा व्यवस्थापन कोष रहनेछ जसमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

क) नेपाल सरकारवाट बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि उपलव्ध अनुदान रकम,

ख) नगरपालिकाबाट बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि बिनियोजित रकम,

ग) सम्वन्धित जिल्लाको जिल्ला विकास समितिबाट उपलव्ध हुने अनुदान रकम,

घ) बारुणयन्त्र सेवा संचालन गर्न सकिने सम्बन्धित तथा छिमेकी नगरपालिका र गाउँ विकास समितिबाट उपलव्ध रकम,

ङ) बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि स्थानीय तथा छिमेकी नगर उद्योग बाणिज्य संघहरुबाट उपलव्ध रकम,

च) बारुणयन्त्र खरिद ,संचालन तथा व्यवस्थापनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्था ,चन्दादाता तथा स्वयंसेवीहरुबाट उपलव्ध रकम

छ) सेवा शुल्क वापत उठेको रकम,

२) कोष संचालन गर्न कोषमा भएको आम्दानी ,कोषबाट भएको यथार्थ खर्च र मौज्दात रकम तथा खाता संचालन र लेखा व्यवस्थापन नगरपालिकाको प्रचलित कानुन बमाजिम हुनेछ ।

३) कोषबाट बारुणयन्त्र संचालन तथा व्यवस्थापन, नियमित मर्मत/संभार, बारुणयन्त्र सेवा तर्फ कार्यरत कर्मचारीको तलव ,भत्ता तथा अन्य सुविधा र आगलागी नियन्त्रणका लागि आवश्यक अन्य सामाग्रीहरु खरीद तथा मर्मत संभारमा मात्र खर्च गर्न सकिनेछ ।

४) आर्थिक बर्षको अन्तमा खर्च नभइ बाँकी रहेको मौज्दात रकम फ्रिज नभइ सोही कोषमा नै ट्रान्सफर गरी राखिनेछ

**९, जनशक्ति व्यवस्थापन :**

१) नगरपालिकामा बारुणयन्त्र तर्फ कार्यरत जनशक्तिको क्षमता विकासका लागि नियमित प्रशिक्षण एवं अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

२) आगलागी नियन्त्रणका लागि बारुणयन्त्र संचालनमा कार्यरत जनशक्तिको सुरक्षालाई मध्यनजर गरी प्रति कर्मचारी रु. ३ लाखसम्मको दुर्घटना वीमा गर्न सकिनेछ ।

३) नगरपालिकामा बारुणयन्त्र तर्फ कर्मचारी भर्ना गर्दा नगरपालिकलाई दीर्घकालीन दायित्व सृजना नहुने गरी करार सेवामा सेवा करार गरी लिनु पर्नेछ । तर यस अघि जुनसुकै पद तथा दर्जामा नियुक्त भई कार्यरत कर्मचारीको हकमा बारुणयन्त्र सम्बन्धी काममा लगाउन यस प्रावधानले कुनै असर पार्ने छैन ।

व्यास नगरपालिका कार्यालय
दमौली, तनहुँ
२०४९

हुमनाथ शर्मा ढकाल
प्रमुख एवं कार्यकारी अधिकृत

४) बारुणयन्त्र तर्फ काम गर्ने कर्मचारीहरुलाई दिने सेवा सुविधा र काम गर्ने समय करारनामामा नगरपालिकाले तोकिए बमोजिम हुने छ ।

५) बारुणयन्त्र अत्यावश्यक सेवा भित्र पर्ने भएको र बारुणयन्त्र संचालनको लागी प्राविधिक क्षमताको आवश्यकता पर्ने भएकोले कर्मचारीको व्यवस्थापन गर्दा न्युनतम जनशक्तिको व्यवस्थालाई मध्यनजर गरी अनावश्यक तथा बोझिलो खर्च नपर्ने गरी जनशक्ति व्यवस्थापन नगरपालिकाहरुले गर्नुपर्नेछ ।

६) आगलागी नियन्त्रणको कार्य ज्यादै नै संवेदनशील भएकोले बारुणयन्त्र सेवातर्फ कार्यरत जनशक्तिको कर्तव्य पालना र अनुशासनलाई विशेष ध्यान दिईनेछ । अनुशासनको पालना नभएको पाइएमा संक्षिप्त कार्यविधि अबलम्बन गरी कसुरको मात्रा अनुसार सेवाबाट बर्खास्त गर्ने सम्मका कारवाहीहरु नगरपालिकाबाट तत्काल गरिनेछ ।

७) यसरी बारुणयन्त्रमा खटाईने कर्मचारीहरुको सेवा-सुविधा नगरपालिकाले नियामानुसार तय गर्नेछ । साथै कर्मचारीहरुको क्षमता विकास (तालिम) प्रदान गर्न सुरक्ष निकायहरु तथा छिमेकी नगरपालिका संग आवश्यक सहकार्य गरि तालिम प्रदान गरिनेछ ।

**१०. गलत सूचना दिने व्यक्तिलाई हुने सजायः**

आगलागी भएको भनी गलत सूचना दिने व्यक्ति र बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पुऱ्याउने व्यक्तिलाई ऐनको दफा १६५(५) बमोजिम नगरपालिकाले एकहजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने र पुनः त्यस्तो कसुर सोही व्यक्तिले गरेमा पटकै पिच्छे दोब्बर जरिबाना गर्न सकिने छ यस्तो जरिबानाको रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

**११. लेखा परीक्षण :**

बारुणयन्त्र संचालन तथा व्यवस्थापन कोषको आन्तरिक लेखा परिक्षण सम्बन्धित नगरपालिकाको आन्तरिक लेखा परीक्षण गर्ने कर्मचारीबाट र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम गरिनेछ ।

**१२, समिक्षा एवं प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :**

नगरपालिकाले बारुणयन्त्र संचालन तथा व्यवस्थापन सम्बन्धी कियाकलापहरुको समीक्षा एवं प्रतिवेदन नगरपालिका अनुदान संचालन कार्यविधि बमोजिम गरिनेछ।

**१३, थपघट र हेरफेर :**

यस निर्देशिका कार्यान्वयनका कममा कुनै बाधा अबरोध आएमा बाधा अड्चन फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार थपघट ,संशोधन र हेरफेर गर्न सक्नेछ ।

**१४, खारेजी र बचाउ :**

यसपूर्व बारुणयन्त्र संचालनका लागि नगरपालिकाबाट भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ । यस निर्देशिकामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

व्यास नगरपालिका कार्यालय
दमौली, तनहुँ
२०४९

हुम्नाथ शर्मा ढकाल
प्रमुख एवं कार्यकारी अधिकृत